**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No. 2, July 2025. Pages: 138-149**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i2.88514**

# प्रतिघात उपन्यासको रचनाविधान

## Composition of the Novel "Praghat"

***[1]डा. विष्णु न्यौपाने***
***Bishnu Neupane, Ph.D***

[1]Assistant Professor of Nepali, Tribhuvan University, Saraswati Multiple Campus, Kathmandu, Nepal
*[(Email: neupanesmc@gmail.com) ORCID: https://orcid.org/0009-0003-4468-4248]*

**Article History:** Received 27 Jan. 2025; Reviewed 25 Feb. 2025; Revised 14 March 2025; Accepted 21 June 2025.

**Copyright:** This work is licensed under a Creative Commons Attribution-Non Commercial 4.0 International License.

## Abstract

*In the present article, an attempt has been made to identify the compositional structure of Narad Pokharel's novel Pratighat as a text. In this article, structured in a qualitative format, facts have been collected from the work according to the purposeful sample selection method. Compositional structure has been made the theoretical basis in it. Structure and form are the compositional structure of a literary work. The structure of a novel includes plot, character, point of view, setting and essence. The subjects that help in the linguistic and stylistic construction of the novel include syntax, imagery, symbolism, comparison, satire, etc. In this article, the work of identifying the compositional structure of Pratighat has been done on the basis of these structure and form. This novel presents the ups and downs of Bimalraj, who grew up in the surroundings of the eastern hilly village of Simpani, and the events that occurred in his life, the characters who participated in those events, the environment there, their speech, customs and culture, and the ups and downs of their political consciousness. The ups and downs of the life of Bimalraj, the main character of the novel, are the subject of the story of this novel. Bimalraj is a representative character of those who worked day and night to change the discriminatory society and envision an ideal society. He has seen and experienced political distortions such as ideal and loyal political beliefs being disturbed, politics becoming a matter of money, having to drain money to get tickets, and having to spend money in elections. The structure of the novel has been prepared by narrating the life of a character who has ruined his own and his family's future by getting involved in politics, who has not held any profitable position, and who has not been able to make any arrangements for his family. It has been concluded that the novel has a proper organization in structure and form, and is a novel presenting political themes.*

***Keywords:*** *ancestral home, homeland love, political perversion, participant, proverb.*

## लेखसार

*प्रस्तुत लेखमा नारद पोखरेलको प्रतिघात उपन्यासलाई पाठका रूपमा लिई त्यस उपन्यासको रचनाविधान पहिल्याउने प्रयास गरिएको छ । गुणात्मक ढाँचामा संरचित यस लेखमा सोद्देश्यमूलक नमुना छनोट विधिअनुसार कृतिबाट तथ्य सङ्कलन गरिएको छ । यसमा रचनाविधानलाई सैद्धान्तिक आधार बनाइएको छ । संरचना र रूपविन्यास नै साहित्यिक कृतिको*

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No. 2, July 2025. Pages: 138-149**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i2.88514**

*रचनाविधान हो । उपन्यासको संरचनाअन्तर्गत कथानक, पात्र, दृष्टिविन्दु, परिवेश र सारवस्तु पर्दछन् । रूपविन्यासअन्तर्गत उपन्यासको भाषिक एवम् शिल्पशैलीगत निर्माणमा सहायता गर्ने विषयहरू पदविन्यास, बिम्बविधान, प्रतीकविधान, तुलना, व्यङ्ग्य आदि पर्दछन् । यिनै संरचना र रूपविन्यासका आधारमा प्रतिघात उपन्यासको रचनाविधान पहिल्याउने काम यस लेखमा गरिएको छ । यस उपन्यासमा पूर्वी पहाडी सिम्पानी गाउँ आसपासको परिवेशमा हुर्कीबढेको विमलराज र उसको जीवनको आरोहअवरोहमा आइपरेका घटना, ती घटनामा सहभागी पात्रहरू, त्यहाँको परिवेश, उनीहरूको बोलीचाली, संस्कार र संस्कृति तथा उनीहरूको राजनीतिक चेतनाको उतारचढाव जस्ता विभिन्न अवस्थाको प्रस्तुति रहेको छ । प्रस्तुत उपन्यासका प्रमुख पात्र विमलराजको जीवनका उतारचढावहरू नै यस उपन्यासको कथ्य विषय हो । विभेदमूलक समाजको परिवर्तन गरी आदर्श समाजको परिकल्पनामा अहोरात्र खटिएका व्यक्तिहरूको प्रतिनिधिमूलक पात्र हो विमलराज । आदर्श र निष्ठावान् राजनीतिक आस्था विचलित हुँदै गरेको, राजनीति पैसामा किनबेच हुन थालेको, पैसाको खोलो बगाएर टिकट लिनुपर्ने, चुनावमा पैसा नै ओछ्याउनुपर्ने जस्ता राजनीतिक विकृति उसले देखेको र भोगेको छ । राजनीतिमा लागेर आफ्नो र परिवारको भविष्यसमेत बर्बाद गरेको, कुनै लाभको पद धारण नगरेको, परिवारको कुनै व्यवस्था गर्न नसकेको एउटा पात्रको जीवनलाई आख्यानीकरण गरी प्रस्तुत उपन्यासको संरचना तयार भएको छ । प्रस्तुत उपन्यास संरचना र रूपविन्यासको समुचित सुसङ्गठन भएको, राजनीतिक विषयवस्तु प्रस्तुत उपन्यास हो भन्ने निष्कर्ष निकालिएको छ ।*

***शब्दकुन्जी:*** *पुर्ख्यौली थलो, मातृभूमि प्रेम, राजनीतिक विकृति, सहभागी, सूक्ति ।*

## विषयपरिचय

नारद पोखरेलको औपन्यासिक यात्राका क्रममा बत्तिस वर्षको अन्तरालपछि लेखिएको *प्रतिघात* उपन्यास नेपाल स्रष्टा समाजले वि.सं. २०७८ सालमा प्रकाशन गरेको औपन्यासिक कृति हो । २०३५/३६ सालको सेरोफेरोमा राजनीतिमा होमिएको, अनेक खाले हण्डर र ठक्कर व्यहोरेको भर्भराउँदो युवाको जीवन भोगाइ, २०४६ पछिको विषाक्त राजनीति देखेर विचलित भएको विषयवस्तु उपन्यासमा प्रस्तुत छ । नेताहरूले आफूलाई देखाएका सपनाहरू सम्झेर वर्तमानमा ऊ आक्रोश ओकल्छ । आफ्नो जवानीको ऊर्जाशील समय व्यर्थै खेरफालेकोमा उसको छाती भुङ्ग्रोमा परेसरी पोलेको छ । विगतको समयमा देशको नवनिर्माणको सपनामा लागेका जुझारु युवाहरू अहिलको देशको अवस्था देखेर के सोच्छन् तथा के गर्छन् भन्ने विषयवस्तु उपन्यासमा उल्लेखित छ ।

*प्रतिघात* उपन्यास उपन्यासकारको साथी विमलराज शर्माको जीवन भोगाइको कथा हो । यस उपन्यासमा विमलराजको जीवनीकै रूपमा, उसकै जीवनको वरिपरिका घटनामा औपन्यासिक स्वरूप प्रदान गरिएको छ । निष्ठावान् राजनीतिक गर्नेहरू पछाडि परेका तथा अवसरवादीहरू राजनीतिमा अगाडि बढेको प्रवृत्ति उपन्यासमा विवेचित छ । नेपाली राजनीतिमा देखापरेका चुनावका बेला झुठा आस्वासन बाढ्ने, चुनाव जितेर आएपछि त्यसको बेवास्ता गर्ने, बरु उनीहरू नै भ्रष्ट्राचारमा लाग्ने, पार्टीमा चुनावमा टिकट पाउन नेतालाई ब्रिफकेस बुझाउनै पर्ने, कार्यकर्तालाई पैसा बाड्नैपर्ने, मोटरसाइकल किनिदिनै पर्ने, कार्यकर्ताका मुख टाल्न सडकमा लाखौं बजेट ओछ्याउनैपर्ने, वर्षैपिच्छे बाटो पिच गर्ने बजेट छुट्याउनैपर्ने, आधा खर्च कार्यकर्तालाई बाड्नैपर्ने, वर्षैपिच्छे बजेट विनियोजन गर्ने तर बाटो जस्ताको तस्तै हुने जस्ता प्रवृत्तिले वर्तमान राजनीति ग्रसित छ । यता निष्ठाको राजनीति तथा आदर्श राजनीति गर्नेले पार्टीमा अवसरै नपाउने प्रवृत्ति देखिएको छ । जीवित छउञ्जेल अवमूल्यन गर्नु, अपमान र तिरस्कार गर्नु अनि मरेर गइसकेपछि गुणगान गाउनु हाम्रो समाजको संस्कार जस्तै बनेको छ । जीवनभर राजनीतिमा लागेको तर कुनै लाभको पद नपाएको विमलराजको जीवनकहानीमा प्रस्तुत उपन्यासको संरचना तयार भएको छ । यस उपन्यासका ती विविध पक्षको गहन अध्ययन गर्नु आवश्यक भएकाले यो अध्ययन आवश्यक भएको छ । त्यसैले प्रस्तुत अध्ययनको शीर्षक *प्रतिघात* उपन्यासको रचनाविधान उपयुक्त, सार्थक र औचित्यपूर्ण रहेको छ । *प्रतिघात* उपन्यासको रचनाविधानमा आधारित भएर अध्ययन भएको पाइँदैन । त्यसैले यस लेखमा *प्रतिघात* उपन्यासको रचनाविधानपरक अध्ययन गर्ने उद्देश्य राखिएको छ । त्यसका लागि प्रतिघात उपन्यासको रचनाविधान कसरी भएको छ ? भन्ने प्रमुख समस्यामा केन्द्रित भएर यो लेख तयार गरिएको छ । रचनाविधान सिद्धान्त मात्रको प्रयोग गर्नु यस लेखको सीमा रहेको छ ।

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No. 2, July 2025. Pages: 138-149**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i2.88514**

## अध्ययन विधि

यस अध्ययनमा निम्नअनुसारको अध्ययन विधि अवलम्बन गरिएको छ :

**अध्ययनको ढाँचा** : यो गुणात्मक ढाँचाको अध्ययन हो । यसमा कृतिगत तथ्यको विश्लेषण गरी निष्कर्ष निकाल्ने काम गरिएको छ ।

**सहभागी र नमुना छनोट** : यस अध्ययनमा सम्भावनारहित नमुना छनोट पद्धतिअन्तर्गतको सोउद्देश्यमूलक नमुना छनोट पद्धतिका आधारमा नारायण पोखेलको *प्रतिघात* उपन्यास छनोट गरिएको छ ।

**तथ्य सङ्कलन** : यस अध्ययनमा *प्रतिघात* उपन्याससँग सम्बन्धित विभिन्न कृति र लेखलाई आधार बनाएर तथ्य सङ्कलन गरिएको छ ।

**तथ्य सङ्कलनका साधन** : यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतका विभिन्न प्रकाशित पुस्तक र जर्नलमा प्रकाशित लेखहरूको उपयोग गरिएको छ । प्रकाशित सामग्रीमा प्राप्त तथ्यको अध्ययन र विश्लेषण गरी निष्कर्ष निकाल्ने काम गरिएको छ ।

**तथ्य विश्लेषण प्रक्रिया** : प्रकाश्य सामग्रीबाट प्राप्त तथ्यको वर्णनात्मक र समीक्षात्मक अध्ययन गरिएको छ । तथ्यको पुष्टि गर्न विश्लेषणसमेत गरेर निष्कर्षमा पुग्ने काम गरिएको छ ।

## अवधारणात्मक पर्याधार

उपन्यासको निश्चित रचनाविधान रहेको हुन्छ । विभिन्न संरचकहरूको योग भएपछि यसले निश्चित स्वरूप प्राप्त गर्दछ । पाश्चात्य साहित्यमा उपन्यासका मूल घटक कथावस्तु ९उयित०, पात्र ९अजबचबअतभच० र सारवस्तु ९तजझभ० लाई मानिएको छ। पौरस्त्य साहित्यमा प्रबन्धात्मक रचनाका मूल घटकमा वस्तु, नेता र रसलाई मानिएको छ। नेपाली साहित्यमा यसको रचनाविधानमा उपर्युक्त तीन घटकहरू र अन्य घटकहरूको पनि चर्चा गरिएको छ तापनि तिनको नाम चाहिँ फरक फरक छ । पहिलो घटक कथावस्तुलाई केशवप्रसाद उपाध्याय र हिमांशु थापाले 'कथावस्तु'; कृष्णचन्द्रसिंह प्रधान, प्रतापचन्द्र प्रधान, कृष्णहरि बराल र नेत्र एटमले 'कथानक' वा 'कथावस्तु'; र राजेन्द्र सुवेदीले 'वस्तु' भनेका छन् । दोस्रो घटक पात्रलाई केशवप्रसाद उपाध्याय, कृष्णचन्द्रसिंह प्रधान र राजेन्द्र सुवेदीले 'चरित्र'; हिमांशु थापाले 'पात्र' प्रतापचन्द्र प्रधानले 'पात्र' वा 'चरित्र', कृष्णहरि बराल र नेत्र एटमले 'चरित्र' वा 'चरित्र चित्रण' भनेका छन् । तेस्रो घटकलाई केशवप्रसाद उपाध्यायले 'उद्देश्य' र 'जीवनदर्शन', हिमांशु थापा, कृष्णचन्द्रसिंह प्रधान, प्रतापचन्द्र प्रधान र राजेन्द्र सुवेदीले 'उद्देश्य' अनि कृष्णहरि बराल र नेत्र एटमले 'सारवस्तु' मानेका छन् । सबैले यी तिनै घटकको चर्चा गर्ने क्रममा शब्दगत मतभिन्नता राखे पनि तिनीहरूले प्रयोग गरेका शब्द र तिनका अर्थका दृष्टिलाई आधार मान्दा यिनमै सहमत रहेको भेटिन्छ ।

उपन्यासमा उपर्युक्त लिखित घटकभन्दा बाहेक अन्य घटकहरू पनि रहन्छन् । तीमध्ये केशवप्रसाद उपाध्याय, कृष्णचन्द्रसिंह प्रधान र राजेन्द्र सुवेदीले 'कथोपकथन', हिमांशु थापा, प्रतापचन्द्र प्रधानले 'संवाद' र कृष्णहरि बराल र नेत्र एटमले चरित्रअन्तर्गत नै 'संवाद' राखेर संवाद रहने उल्लेख गरेका छन् । केशवप्रसाद उपाध्यायले 'देश, काल वातावरण', हिमांशु थापा, कृष्णचन्द्रसिंह प्रधान, प्रतापचन्द्र प्रधानले 'वातावरण', राजेन्द्र सुवेदीले 'परिवेश' र कृष्णहरि बराल र नेत्र एटमले 'पर्यावरण' शब्द प्रयोग गरी अर्का घटकको चर्चा गरेका छन् । केशवप्रसाद उपाध्यायले 'शैली', हिमांशु थापाले र प्रतापचन्द्र प्रधानले 'भाषाशैली' र कृष्णहरि बराल र नेत्र एटमले 'भाषा' भनेर उपन्यासको घटकको चर्चा गरेका छन् भने कृष्णचन्द्रसिंह प्रधानले 'भाषा' र 'शैली' लाई छुट्टाछुट्टै घटकका रूपमा चर्चा गरेका छन् । यसबाहेक राजेन्द्र सुवेदीले 'द्वन्द्व' लाई छुट्टै घटकका रूपमा चर्चा गरेका छन् । त्यस्तै कृष्णहरि बराल र नेत्र एटमले 'दृष्टिबिन्दु', 'प्रतीक' र 'बिम्ब', 'गति र लय' लाई पनि उपन्यासका घटक मानेका छन् । उपन्यासका घटक धेरै हुन सक्छन् तापनि ती सबै घटक उपन्यासका महङ्खवपूर्ण र अनिवार्य मान्न सकिँदैन । उपन्यास घटकका चर्चा गर्ने क्रममा राजेन्द्र सुवेदीले असीमित हुने चर्चा गरेका छन् (सुवेदी, २०५३, पृ. १२-१३) । उपन्यासमा केही निश्चित आधारभूत घटकहरू हुन्छन् जसको संयोगले उपन्यासले रूप प्राप्त गर्छ र

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No. 2, July 2025. Pages: 138-149**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i2.88514**

अन्य केही घटकहरू हुन्छन् जुन किना उपन्यासले रूप प्राप्त गर्न सके पनि तिनको सहायताले उपन्यासमा नवीनता र बढी सफलता ग्रहण गर्न सहयोग गर्छ ।

उपन्यासको रचनाविधान सम्बन्धमा विवेचना गर्ने क्रममा केशवप्रसाद उपाध्यायले कथावस्तु, चरित्र, उद्देश्य (जीवन दर्शन), कथोपकथन, देशकालवातावरण र शैलीको उल्लेख गरेका छन् (२०३४) । हिमांशु थापाले कथावस्तु, पात्र, उद्देश्य, संवाद, वातावरण, भाषाशैलीको चर्चा गरेका छन् (२०५०) । कृष्णचन्द्रसिंह प्रधान कथानक, चरित्र, उद्देश्य, कथोपकथन, वातावरण, भाषा, शैलीको उल्लेख गरेका छन् (२०५८) । प्रतापचन्द्र प्रधानले कथानक (कथावस्तु), पात्र वा चरित्र, उद्देश्य, संवाद, वातावारण, भाषाशैलीको चर्चा गरेका छन् (२०४०) । राजेन्द्र सुवेदीले वस्तु, चरित्र, उद्देश्य, कथोपकथन, परिवेश, द्वन्द्वको उल्लेख गरेका छन् (२०५३) । कृष्णहरि बराल र नेत्र एटमले कथानक, चरित्र वा चरित्र चित्रण, सारवस्तु, पर्यावरण, भाषा, दृष्टिविन्दु, प्रतीक र बिम्ब, गति र लय गरी उपन्यासको रचनाविधान उल्लेख गरेका छन् (२०५६) । उपन्यासको रचनाविधान सम्बन्धी उपर्युक्त विश्लेषणका आधारमा मूलतः संरचना र रूपविन्यास गरी उपन्यासको दुई रचनाविधान रहेको निष्कर्ष निकाल्न सकिन्छ र यसैका आधारमा उपन्यासको विवेचना गर्न सकिन्छ । यस लेखमा संरचना र रूपविन्यासका आधारमा *प्रतिघात* उपन्यासको रचनाविधान विमर्श र मूल्याङ्कन गरी निष्कर्ष निकालिएको छ ।

## विमर्श र मूल्याङ्कन

नारद पोखरेलका *नयाँ बाटो* (२०४०), *सिर्जना* (२०४६) र *प्रतिघात* (२०७८) उपन्यास प्रकाशित छन् । २०३५/३६ सालको राजनीतिक घटनालाई प्रस्तुत उपन्यासको कथ्य विषय बनाइएको छ । प्रस्तुत विषयलाई संरचना र रूपविन्यास उपशीर्षकमा विषयको विमर्श गरिएको छ ।

## संरचना

संरचनाअर्न्तगत कथानक, पात्र, परिवेश, दृष्टिविन्दु र सारवस्तु पर्दछन् । यहाँ कथानक, पात्र, परिवेश र सारवस्तुका आधारमा प्रतिघात उपन्यासको संरचना विश्लेषण गरिएको छ ।

### कथानक

विमल वि.सं. २०३४ सालमा पढ्नका लागि जनकपुर पुग्छ । त्यहाँ रामप्रसाद क्षेत्री, अमृत हुँदै एक धनाढ्य व्यापारी सावरलालसँग नजिकिन पुग्छ । ऊ अभिनय, नृत्य, गायन कलाको पारखी हुन्छ । सँगै पढ्ने, आकर्षक, स्वरकी धनी मिठासपूर्ण र जादूमय स्वरकी धनी, राम्री कल्पनासँग उसको भेट हुन्छ । उसका साथीहरू : कल्पना, शोभा र उमेश हुन्छन् । वि.सं. २०३५ सालमा विमल प्रथम श्रेणीमा र कल्पना द्वितीय श्रेणीमा पास हुन्छन् ।

२०३५ चैत्र २१ गते देशभर भएको विद्यार्थी आन्दोलनमा सरकारी पक्षबाट व्यापक दमन हुन्छ । यो आन्दोलन बढ्दै गएपछि यसलाई मन्थर पार्न २०३६ जेठ १० गते राजा वीरेन्द्रबाट जनमत सङ्ग्रहको घोषणा गर्दछन् । विमलले कलेजमा भाषण गरिरहेका बेला उसमाथि साङ्घातिक आक्रमण हुन्छ । ऊ बेहोस अवस्थामा अस्पताल पुऱ्याइएको हुन्छ । उसको टाउको फुटेको, खुट्टा मर्किएको, हात भाँचिएको हुन्छ । यसपछि विमल सावरलालको घरमा बस्ने, काम गर्ने र ट्युसन पढाउने सबै काम छाड्छ ।

दानबहादुर सपनासँग विवाह गर्न चाहन्छ तर खत्रीकाकाले उसलाई छोरी दिन चाँहदैनन् । ऊ सपनालाई जसरी पनि प्राप्त गर्न चाहन्छ । सपनालाई फकाउने, धम्क्याउने तथा अन्य कुनै उपायको खोजीमा ऊ लाग्दछ । यसैक्रममा खिउखोला नजिकको जङ्गलमा उसले सपनालाई एकान्त पारी बलजफत गर्ने प्रयास गर्छ । त्यसैबेला बहादुर गन्जमान आई उसलाई गोदगाद पार्दछ । शक्ति र सत्ताको मातमा उसले आफूहरूप्रति खतरा हुने भएकाले आफ्नो गाउँ छाडी सहरतिर पस्दछ ।

विमल जनकपुरबाट आफ्नो गाउँ सिम्पानी पुगी गाउँको खबर गोप्य रूपमा बुझ्दछ । गन्जमान काकाकी सालीको घर ठेगाना लिई ऊ जनकपुरतिर नै फर्किन्छ । ऊ जनकपुर पुगी सपना र गन्जमानको खोजीमा लाग्दछ । जनकपुरमा गौरीशङ्कर, उमेश, अमृत र विमल राज्य आतङ्क र जनविद्रोहको बारेका सरसल्लाह गर्दछन् । यथार्थ वस्तुस्थितिबारे

**Vol. 6, No. 2, July 2025. Pages: 138-149**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i2.88514**

छलफल गरी उनीहरू भावी योजना बनाउँछन् र त्यसैमा घनिभूत रूपमा लाग्दछन् । उनीहरू आम जनमानसमा जनचेतना फैलाउने कार्यमा लाग्दछन् ।

वि.सं. २०३६ कार्तिक पहिलो साता १७-१८ वर्षको विमल जनकपुरको एउटा कार्यक्रममा गएको हुन्छ । त्यहाँ दुवै समूह बिच भनाभन हुँदै झगडा हुन्छ । विमल चुपीले शिशिरको छातीमा हान्छ । त्यसपछि विमल लुक्दै हित सिंहको संरक्षणमा बस्दछ । उसैको सल्लाहमा लाहान शिवनारण यादवकहाँ जाँदा बाटामा जोगीको कुटीमा पुग्दछ । लाहानमा शिवनारानले आफू कहाँ पुलिसले निक्कै निगरानी राख्ने गराएकाले बरु काठमाडौँ जानू भनेपछि ऊ बस चढी काठमाडौँ आउँछ । थानकोटको पुलिस जाँचमा ऊ दिव्या थापाद्वारा समातिन्छ र जेलमा हालिन्छ । शिशिरले मुद्दा फिर्ता लिएपछि छ महिनापछि ऊ जेलबाट छुट्छ । कुलदीपको योजनामा ऊ पक्राउ परेको कुरा पछि पत्ता लाग्छ ।

विमल, कल्पना, चित्रा, सपना, उमेश र शोभा मिली विमलको कोठामा गीत गाउने, नाच्ने गरी भेटघाट र रमाइलो गर्दछन् । जनमत सङ्ग्रहको परिणाम घोषणा हुन्छ जसमा सुधारसहितको पुरानो व्यवस्थाको जनमत आउँछ । निर्वाचनमा धाँधली भएको भन्दै विभिन्न दल र विद्यार्थी सङ्गठनहरूले विरोध थालेका हुन्छन् । जताततै नेपाल सिक्किमीकरण हुन लागेको चर्चा हुन्छ । उनीहरू अतीतका र वर्तमानका समसामयिक कुरा गर्दछन् ।

गणतन्त्रपछि मन्त्री बनेको रणबहादुरलाई बधाई दिन तथा गन्जमानको छोरो चन्द्रमानलाई राजनीति पीडितका रूपमा व्यवस्था गर्ने र सिम्पानीसम्म मोटरबाटो र गाउँमा खानेपानीको व्यवस्था जस्ता दुई योजना लिएर विमल रणबहादुरकोमा जान्छ । भोलिपल्ट विमल र गङ्गा पशुपतिनाथ, बुढानिलकण्ठ, पाटनको कृष्ण मन्दिर दर्शन गर्न जान्छन् ।

विमल र गङ्गा जावलाखेल चिडियाखाना जान्छन् । चिडियाखानाका वन्यजन्तु, चराचुरुङ्गी हेरी उनीहरू रमाएका हुन्छन् । त्यही उनीहरूसँग रमेश र शोभा पनि भेट हुन्छन् । विमलको शिशिरसँग भेट हुन्छ । उनीहरू बढ्दै गएको राजनीतिक विकृतिको बारेमा छलफल गर्दछन् ।

विमलको घरमा शिशिरको परिवार, उमेश र शोभाको परिवारको पारिवारिक जमघट हुन्छ । उनीहरू विगतका पानाहरू पल्टाउन थाल्छन् । हित सिंहले विमललाई सिध्याउने प्रयास धेरै पटक गरेको, कल्पनालाई फसाएको कुरा शोभाबाट सुनेपछि विमल छागाबाट खसे जस्तो हुन्छ । आफूले आदरणीय नेता मान्ने, उसको त्याग र बलिदानको वकालत गर्ने तर उसको आफूलाई नै सिध्याउने उसको गोप्य योजना, उसको मुकुन्डो भरिएको चरित्र थाहा पाएपछि ऊ दङ्ग पर्छ । जनकपुरको लाठीचार्ज गर्न लगाउने पनि हित सिंह नै भएको रहस्य खुल्दछ । जनकपुर घटनामा हिंत सिंहले प्रहरी इनेस्पेक्टर रवि सिंहसँगको योजनामा सिध्याउने योजना बनाएको रहेछ । विमललाई देशद्रोहीको आरोप लगाई काठमाडौँ लग्दै गर्दा निजगढदेखि पथलैयासम्मको जङ्गलमा पुऱ्याई उसलाई गाडीबाट बाहिर निकाली, बन्दुक खोसेर भागेको मुचुल्का गर्ने, कागजात तयार गरी इन्काउन्टरमा मारिएको बनाउने षडयन्त्र बनाएको रहेछ । कल्पनाले यसको प्रतिवाद गरेपछि हिंत सिंहले आफूसँग विवाह गरे विमलमाथिका सबै मुद्दा फिर्ता गरिलिने गरी सतित्व लुट्ने प्रयास गर्छ । कल्पनाको बाध्यता, विवशता र नियति थाहा पाउपछि विमल चिन्तित बन्दछ । उसलाई भेट्ने इच्छा गर्छ तर उसको व्यस्तताले भेटन सकेको हुँदैन ।

विमल र गङ्गा आफ्नो पुर्ख्यौली थलो गाईघाट हुँदै सिम्पानीतिर लाग्छन् । उनीहरू सुन्दर गाउँ सिम्पानीको पर्यावरणमा रमाउँदै, गाउँको वातावरण बुझ्दै रमेशको घर पुग्छन् । सात दिनसम्म गाउँ घुम्दा पनि उनीहरूको रहर पूरा भएको हुँदैन । सिम्पानीको निकै चर्चित जन्ते थुम्को, उसले बाल्यकालमा गाउँघर घुमेका, साथीभाइ रमाएको सन्दर्भ स्मरण गर्छ । विमल गाउँको राजनीतिक चेतना र राजनीतिक चेतना र राजनीतिक विकृतिबारे साथीभाइसँग छलफल गर्छ । दश दिनसम्म गाउँ घुमी उनीहरू काठमाडौँ फर्किन्छन् ।

गुहेश्वरी हुँदै सपनाको बिहेमा जाँदै गर्दा गौरीघाटमा विमलमाथि आक्रमण हुन्छ । ऊ सख्त घाइते हुन्छ । अचेतावस्थामा जोगीहरूद्वारा उसको उद्धार गरिएको हुन्छ । बाबाले अचेत विमललाई औषधीमुलो गरिदिन्छन् । उपचारपछि डेरामा गएको विमललाई लामो समयसम्म धनवीर र कल्पनाले स्याहार गर्दछन् ।

विमलले शिशिरकी आमालाई घाइते अवस्थामा अस्पताल पुऱ्याई उपचारको बन्दोबस्त मिलाउँछ । यस घटनापछि विमल र शिशिरको मिलन हुन्छ । यता कल्पना र कल्पनाकी आमामाथि लोग्ने दामोदरले निकै दुःख दिएपछि कल्पनाले यो नर्कबाट छुटाएर वृद्धाश्रममा लगी राखेकी हुन्छे । पछि उसले आफ्नै आश्रममा लगेकी हुन्छे ।

विमल, अगमसिंह, गङ्गा र शान्ति शिवरात्रीमा पशुपति दर्शनका लागि जान्छन् । रणबहादुर परिवर्तन भएको, शाकाहारी बनेको, अध्यात्मतिर लागेको चर्चा हुन्छ । गौरीशङ्करले विमललाई कल्पनाको विगत बारे बताइदिन्छ । शोभाले विमललाई कल्पनाको जीवनको रहस्य र यथार्थ बताउँछे । कल्पनाको पाठेघरमा मासुको डल्लो देखिएको, त्यसको बायस्पी गर्न दिल्ली पठाएको र रिपोर्ट आउँदा उसलाई क्यान्सर भएको हुन्छ । विमल यो घटना सुनेर निकै दुःखी बन्न पुग्छ ।

कल्पना अस्पताल भर्ना हुन्छे । उसको अवस्था नाजुक भइसकेको हुन्छ । कल्पनाको अवस्था देखेर विमल, शोभा, उमेश, गौरीशङकर रुन थाल्छन् । कल्पना चेतनाबिहीन हुन्छे । उसले विमललाई लेखेको पत्र विमलले प्राप्त गर्दछ । राजनीतिक विकृति, आफ्नो विगत, विमल र गङ्गालाई विवेकको जिम्मा लगाएको विषय आदि त्यस पत्रमा उल्लेख गरिएको हुन्छ । यसरी विमलले आफ्नो कथा उपन्यासका लेखक नारदलाई बताएको हुन्छ । कथाकारले विमलको कथा श्लेश्मान्तक वन नजिक हिड्दै गर्दा सुनिरहेको सन्दर्भसहित उपन्यासको कथावस्तु समाप्त हुन्छ ।

### पात्र

*प्रतिघात* उपन्यासमा विभिन्न खालका पात्रहरू प्रयुक्त छन् । यस उपन्यासमा प्रमुख भूमिका भएका पात्र, प्रमुख पात्रलाई सघाउन उपयोग गरिएका सहायक पात्र, कुनै एकादुई ठाउँमा मात्र भूमिका निर्वाह गरेका पात्र र विषयवस्तुको चर्चाका क्रममा पात्रको नाम मात्र उच्चारण गरिएका नेपथ्य गरी विभिन्न प्रकारका पात्र प्रयुक्त छन् ।

### प्रमुख पात्र

साहित्यिक कृतिमा प्रमुख भूमिका निर्वाह गर्ने प्रमुख पात्र हुन् । त्यस्ता पात्र मञ्चीय र बद्ध हुन्छन् (शर्मा, २०६८, पृ. ३२) । कृतिको मूल विषयवस्तु यिनैको वरिपरि घुमेको हुन्छ । *प्रतिघात* उपन्यासका विमलराज शर्मा र कल्पना प्रमुख पात्र हुन् ।

### सहायक पात्र

साहित्यिक कृतिमा प्रमुख पात्रलाई सहयोग गर्ने पात्र पनि प्रयोग गरिएका हुन्छन् । त्यस्ता पात्रलाई सहायक पात्र भनिन्छ ( शर्मा, २०६८, पृ. ३२) । *प्रतिघात* उपन्यासका कल्पना, कर्णसिंह ठकुरी, गन्जमान, गौरीशङ्कर झा, शिशिर, धनीराम, असिलाल चौधरी, शिवप्रसाद, गोविन्दप्रसाद, ईश्वरादेवी, दिलबहादुर खत्री, दिनानाथ उपाध्याय, अगमसिंह लामा, सपना, रत्नमान बज्रचार्य सहायक पात्र हुन् ।

### अन्य पात्रहरू

साहित्यिक कृतिमा विभिन्न भूमिकामा पात्रहरू प्रयुक्त हुन्छन् । कुनै पात्र प्रमुख भूमिकामा रहेका हुन्छन् भने कुनै पात्रले प्रमुख पात्रलाई सहयोग गर्ने सहायक पात्र हुन्छन् । तीभन्दा बाहेकका पात्र पनि उपन्यासमा प्रयुक्त हुन्छन् । त्यस्ता पात्र सीमित घटनामा उपस्थित भई सीमित भूमिका निर्वाह गरी बिचैबाट हराएका हुन्छन् । *प्रतिघात* उपन्यासका अमृत, कविता, काकी, कालुमान श्रेष्ठ, कृष्ण, केदार थामी, चन्द्रमान, जीतेन्द्र, टङ्कमणि शर्मा, दामोदर उपाध्याय, दिव्या थापा, देवका, धनवीर परियार, नरबहादुर, पूर्णप्रसाद दाहाल, झङ्गु, रबिन क्षेत्री, रमेश, लक्ष्मी, राजेश, रामप्रसाद क्षेत्री, विष्णुप्रसाद उपाध्याय, सनक प्रधान, सरस्वती, सावरलाल, हरिलाल चौधरी, हस्तबहादुर आदि त्यस्तै खालका पात्र हुन् ।

### असत् पात्र

खराब विचार बोकेका व्यक्ति असत् पात्र हुन् । त्यस्ता पात्रले समाजमा विकृति निम्त्याउने खालका हुन्छन् (शर्मा, २०५९, पृ. ४५) । समाजमा नकारात्मक सन्देश बोकेर उनीहरू अगाडि बढेका हुन्छन् । *प्रतिघात* उपन्यासमा रणबहादुर, दिलबहादुर, दानबहादुर, पदम अधिकारी, हित सिंह, दामोदर उपाध्याय खराब चरित्रका असत् पात्र हुन् ।

### नेपथ्य पात्र

साहित्यिक कृतिमा नाम मात्र उल्लेख गरिएका पात्र नेपथ्य पात्र हुन् (शर्मा, २०६८, पृ. ३२) । *प्रतिघात* उपन्यासमा पनि विषयको प्रस्तुति, पात्रको चरित्राङ्कन आदि सन्दर्भमा विभिन्न व्यक्तिहरूको नाम उच्चारण गरिएको तथा उपन्यासमा तिनीहरूलाई प्रयोग गरिएको छ । तीमध्ये उपन्यासकारको रोजाइमा परेका विशिष्ट व्यक्तित्वहरूमा ब्रह्मा, विष्णु, महेश्वर, गोपाल योञ्जन, तारादेवी, द्रोपदी, बच्चु कैलास, भीमसेन थापा, राजा, राजा वीरेन्द्र, विजय मल्ल, लक्ष्मीप्रसाद देवकोटा आदि छन् ।

उपन्यासकारको रोजाइमा परेका अन्य नेपथ्य पात्रहरू हुन् : अमन यादव, इन्द्र इङनाम, कप्तान राई, कमला शेर्पा, कुलदीप ढकाल, कुशल लिम्बु, कृष्णमान शाक्य, गजुरमान, गीता, गोपी उप्रेती, गोपी दाइ, गोपीनाथ बाजे, घनश्याम ठकुरी, चित्रा, छत्र गुरुङ, जगतमणि, टुडुराम सतार, चन्द्र बस्नेत, दयानन्द मण्डल, दिलबहादुर, दिव्यध्वज खत्री, देवनारायण, देवीप्रसाल, प्रशान्त ताम्राकार, तेज मानान्धर, धनबहादुर, प्रेमा, प्रीति, बन्दना चित्राकार, बलबहादुर, बिन्देश्वर खत्वे, मनमाया, भक्ति थापा, भरतबहादुर गुरुङ, मणि सर, रत्ना, रमेश कुमाल, रविसिंह, राजु मानान्धर, राधा, रानुदेवी, रामदयाल काका, रामनारायण, रामसेवक, रामशङ्कर, रुक्मिणी, लेखनाथ वान्तवा, लखन चौधरी, वटुकृष्ण ज्वाला, विवश, शान्ति लामा, शिला दिदी, शिवनायण यादव, शेषमान तामाङ, शेषराज उपाध्याय, श्याम कायस्त, सङ्गिता काफ्ले, सन्त परियार, सफला, सरिता, सुष्मा, सुशिला, हरिप्रसाद उपाध्याय, हरि, हर्कदाइ, हितनारायण सिंह ।

*प्रतिघात* उपन्यासमा स्पष्ट नाम नखुलेका नेपथ्य पात्रहरू पनि पयुक्त छन् । ती हुन् : अशिलालको साढुदाइ, अहेब, कल्पनाकी आमा, कल्पनाकी सैतेनी आमा, कल्पनाका सैतेनी दुई भाइहरू, कासी साहु, खलासी, गन्जमान काकाकी साली, गुन्डा, गुरु, गाइड, जीतेन्द्रका दुई छोराहरू, जिल्ला प्रहरी प्रमुख सइ, जोगीहरू, ट्रकडाइभरहरू, दिदीभिनाजु, धनवीरकी आमा, नर्स, पराजुली, पसले, प्रधानमन्त्री, प्रहरीहरू, बिजुली अफिसमा काम गर्ने हरिलालको दाजु, भरिया, माइला घर्ती, माहिला नेवार, माइली भाउजू, माझी, मुस्लिम बगरे दाइ, झङ्गु मुसहरकी स्वास्नी, यात्रीहरू, वान्तवा दाइ सुरक्षाकर्मी, विमलका जनकपुरमा पढ्दाका साथीहरू, विमलका भाइबहिनी, विमलकी ठुली आमा रूक्मिणी, शोभाकी सानीआमा ( रामेछाप), शोभाका सानोबुबा (जनकपुरमा जागिरे), सावरलालका दुई छोरीहरू, होटल साहुजी ।

साहित्यिक कृतिमा विभिन्न ठाउँका सहभागीहरू प्रयोग गरिएका हुन्छन् । कुनै सहभागी कृति लेखिएकै भूगोलका हुन्छन् भने कुनै सहभागी आफ्नो भूगोलभन्दा बाहिरका वा सीमाना पारीका पनि हुन्छन् । तीमध्ये कतिपय पात्र मञ्चीय हुन्छन् भने कतिपय नेपथ्य पनि हुन्छन् । प्रायः यस्ता सहभागीको प्रमुख भूमिका भने रहेको हुँदैन । *प्रतिघात* उपन्यासमा नेपालभन्दा बाहिरका पात्रहरू पनि प्रयुक्त छन् । प्रस्तुत उपन्यासमा प्रयुक्त विदेशी नेपथ्य पात्रहरू हुन् : जिया उल हक (पाकिस्तानका सैनिक शासक), जुल्फिकर अली भुट्टो (पाकिस्तानका प्रधानमन्त्री, सैनिक शासक जिया उल हकले यिनलाई फाँसी दिएका थिए), हिटलर, रोबर्टटी कियोसाकी, स्यारोन एल लेक्टर, हेनरी डेभिड थोरो, वाल्ट सिड्नी, एक जोडी अमेरिकन ।

## परिवेश

*प्रतिघात* उपन्यासमा विमलराज जन्मीहुर्केको पूर्वी पहाडी भूभाग, उसले शिक्षा लिएको जनकपुर आसपासका भूभागहरू, काठमाडौँ उपन्यासका विभिन्न स्थानहरू प्रयुक्त भएका छन् । खिउखोला, खानीखोला, टुवाखोला, इन्द्रेनीपोखरी, जन्तेथुम्का, सल्लेरीको रानीवन, तारेभिर जस्ता पूर्वी पहाडी भूभागका सुन्दर गाउँ र ठाउँहरू परिवेशका रूपमा आएका छन् ।

सिम्पानी पूर्वी पहाड खोटाङको रमणीय गाउँ हो । यो विमलको पुर्ख्यौंली थलो हो । केही भिरालो तथा केही समथर, वनपाखा, खोलानाला भएको यो गाउँ सुन्दर छ । सिम्पानीदेखि पूर्वमा खोटाङ बजार, चिसापानी, सिन्ताङ; पश्चिममा इजारा, मूलाबारी, सुन्तलाबारी; उत्तर हिलेखर्क, सिकारी थुम्का; दक्षिणतिर जन्ते, मुसे आदि थुम्काथुम्की रहेका छन् । "सिम्पानी तल्तिर ठुलो जङ्गल छ । जङ्गलको बिचको थुम्काबाट बिहानको सूर्योदयको दृश्य अवलोकनदेखि प्राकृतिक बहारको आनन्द लिन समेत पुग्छन् मानिसहरू । सेता चाँदीजस्ता हिमाली चुचुरा, सिम्पानी छेउ भएर छङछङ आवाज निकाल्दै बहने जलप्रवाह साच्चिकै सुन्दर छ सिम्पानी" (पोखरेल, २०६८, पृ. १७५) । जन्तेथुम्को डाँडा यहाँको पर्यटकीय केन्द्र हो । जन्तेथुम्को नाम रहनाको सम्बन्धमा उपन्यासमा भनिएको छ, "सेरोफेरोबाट बेहुली लिएर जन्ती त्यो बाटो आउँदा थुम्कामा जन्ती नबिसाई अघि बढ्दैनथे । मूल घोडेटोसँगै टाँसिएको सो थुम्कामा पाती नचढाए अनिष्ट हुन्छ भन्ने चलन थियो" ( पोखरेल, २०६८, पृ. १९२) । लोकोहिल बजारमा वरिपरका वृक्ष, नयाँ चौतारी, तरेली परेका खेतमा हावाको झोँक्कासँगै

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No. 2, July 2025. Pages: 138-149**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i2.88514**

झुल्न थालेका धानका बोटहरू लहलहाउँदा थिए । काक्रा, फर्सीका लहरा उनीहरूको स्वागतका लागि तोरणको काम गरेका थिए ।

सिम्पानीमा रहेको लोहोकिल बजार वरिपरि वरपिपल र माझमा सानोपोखरी रहेको छ । यो लोभलाग्दो र आकर्षक छ । यसको पूर्वमा खिउ खोला, पश्चिममा टुवाखोला छ । सुन्दर एवम् समथर भूमि जहाँ प्रकृतिले पनि आकर्षण थपिदिएको छ, पूर्वी तराईलाई (पोखरेल, २०६८, पृ. २५१) । चारकोसे झाडी जो महेन्द्र राजमार्गको उत्तर समानान्तर घना जङ्गल छ । मेची, कन्काइ, सुनसरी, सप्तकोशी नदी यसै क्षेत्रमा अविरल बग्दछन् । यो भूमि अन्नको भण्डार पनि हो ।

उपन्यासमा जनकपुरदेखि सिम्पानी बाटोमा पर्ने ठाउँहरू : कमलाखोँच, गाईघाट, छाम्लिङ, फोक्सिडटार, रसुवाटार आदि स्थान पर्यावरणका रूपमा आएका छन् । यसैगरी सिन्धुली गौरीडाँडा नजिक जङ्गलभित्रको बगैँचा जहाँ विमल, कल्पना, उमेश र शोभा घुम्न गएका थिए । त्यहाँ झर्ना छ साथै मानव निर्मित बगैँचा पनि प्रस्तुत छन् । त्यसको पूर्वतिर कमला नदी सलल बगेकी छन् । त्यसै गरी खोटाङ बजारको सुन्दरता वर्णन गरिनसक्नुको छ । खोटाङबजार र सिम्पानी बिचमा खिउ खोला पर्दछ । त्यस नजिकै जङ्गल छ जो “उत्तिस, चिलाउने, सल्ला, ठुलो दाना भएको ढाल्ने, धँगेरो, घँगरु, सतिबयर आदि बुट्यान भएको सुनसान क्षेत्र हो” (पोखरेल, २०६८, पृ. ४८) ।

*प्रतिघात* उपन्यासमा काठमाडौँको हावापानीको वर्णन गरिएको छ । पहिले बाह्रै महिना चिसो अनुभव हुने काठमाडौँ अब फागुन नलाग्दैदेखि गर्मी सुरु हुन थाल्ने, जमिन तात्ने, दिउसो भतभती पोल्ने गर्दछ भनिएको छ । प्रस्तुत उपन्यासमा स्थानगत परिवेशका रूपमा काठमाडौँ उपत्यकाका महाराजगन्ज, पशुपतिनाथ, बुढानिलकण्ठ, पाटनको कृष्ण मन्दिर परिसर, गोदावरी, पाटन, रत्नपार्क, जयवागेश्वरी, गौरीघाट, गुहेश्वरी, किंरातेश्वर, वाग्मती नदी आदि आएका छन् । वाग्मती नदीको स्वच्छता वर्णन गरिएको छ । विमलले वाग्मती नदीबाट एक अञ्जुली पानी उठाई घटघटी पिएको सन्दर्भ उल्लेख गरिएको छ । त्यति बेला वाग्मती नदीमा ढल त के एक टुक्रा कागज पनि फ्याक्न नपाइने कारणले यहाँ स्वच्छ जल बगेको हुन्थ्यो । पवित्र वाग्मती निर्मल र कञ्चन थियो भनी यहाँको ऐतिहासिक र सांस्कृति पक्ष प्रस्तुत गरिएको छ । शिवरात्रीको चहलपहलको वर्णन गरी पशुपतिनाथको महिमा गाइएको छ । जावलाखेलमा अवस्थित चिडियाखानाको स्वच्छ प्राकृतिक आभासको वातावरणको चर्चा गरिएको छ । त्यहाँका वन्यजन्तुहरूमध्ये बाघको नियति प्रस्तुत गरिएको छ । जङ्गलमा गर्जदै हिँड्ने बाघ मानिसको कब्जामा परी मानिसको मनोरञ्जनको वस्तु बनेको सन्दर्भ चर्चा गरिएको छ साथै त्यहाँका चराचुरुङ्गीहरूको नियति र सुन्दरता तथा मनोरञ्जनका साधनका रूपमा तिनलाई प्रयोग गरिएको सन्दर्भ प्रस्तुत गरिएको छ । त्यसैगरी पाटनको कलात्मक सुन्दरता पनि प्रस्तुत गरिएको छ । काष्ठकलाको वर्णन गर्दै टुँडालहरूमा अङ्कित कलाको वर्णन गरिएको र तिनको महत्त्वको चर्चा गरिएको छ । जसमा भनिएको छ, “केही टुँडालमा यौनक्रियाकलाप झल्किने साना काष्ठमूर्तिहरू कुँदिएका थिए” (पोखरेल, २०६८, पृ. ७८) । पाटन सङ्ग्राहलयको वस्तुस्थिति चित्रण गरिएको छ । जसमा भनिएको छ, “सङ्ग्राहलयमा ऐतिहासिक महत्त्वका मूर्ति, चित्रकला, राजामहाराजले प्रयोग गर्ने सरसामान आदि राखिएको थियो” (पोखरेल, २०६८, पृ. ७९) ।

प्रस्तुत उपन्यासमा पोखराको सुन्दर वातावरण पनि चित्रण गरिएको छ । पोखरा सहर स्वच्छ र सफा छ । फेवाताल, हिमाली दृश्य, पाताले छागो, सराङकोट, महेन्द्रगुफा, महेन्द्रपुल आदिको सुन्दरताको वर्णन उपन्यासमा गरिएको छ ।

## सारवस्तु

*प्रतिघात* उपन्यासमा देशमा राजनीतिक विकृतिको अन्त्य हुनुपर्ने सन्देश दिइएको छ । “उपन्यासकारको अनुभव, समाज-अध्ययन, कल्पना-शक्तिको संयोजनबाट पाठकमाझ सार्वजनिक यस उपन्यासमा राजनीति प्रमुख विषय बनेर आएको छ” ( गिरि, २०७८, पृ. १) । राजनीतिका दुई रूप : आदर्श राजनीति र अवसरवादी राजनीतिका प्रवृत्तिहरूको चर्चा गरिएको छ । आदर्श राजनीतिको प्रतिनिधित्व विमल, गन्जमान, गौरीशङ्कर, असिलाल, विष्णुप्रसादहरूले गरेका छन् भने अवसरवादी राजनीतिको प्रतिनिधित्व रणबहादुर, दिलबहादुर, पदम अधिकारी, हित सिंह आदिले गरेका छन् । जनमत सङ्ग्रहको परिणाम आइसकेपछि विभिन्न पार्टी र तिनका भातृसङ्गठन, विद्यार्थी सङ्गठन आदिले धाँधली भएको आरोप लगाउँदै विरोधमा जुलुस र सभा गरिरहेका थिए तर विष्णुप्रसाद उपाध्याय भन्दछन्, “यसरी विरोध गर्ने भए हामीले चुनावमा भाग लिनै हुँदैनथ्यो । चुनावमा सामेल हुने, प्रसारप्रसार गर्ने, भोट पनि हाल्ने अनि परिणाम आफू अनुकूल भएन भनेर विरोध गर्न मिल्छ ? बिल्कुल

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No. 2, July 2025. Pages: 138-149**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i2.88514**

मिल्दैन" (पृ. १४५) । यो आदर्श राजनीतिको नमुना हो । अर्कातर्फ राजनीतिलाई व्यापारीकरण गरिएको देखाइएको छ । पार्टी सभापतिको खल्तीबाट निर्वाचनमा उठ्ने उम्मेदवारको टिकट बाँड्ने, जसले पैसा दियो उसैलाई टिकट दिने प्रवृत्ति उपन्यासमा आएको छ । यो अवसरवादी राजनीति हो । भर्खरै मन्त्री पद खुस्केका पदम अधिकारीसँगको कुराकानीमा विमल भन्दछन्, "पैसाको भरमा राजनीति गर्ने, मन्त्री हुने गलत नजिर बस्यो नेपालमा जुन न हाम्रो अपेक्षा थियो, न जनताको" ( पृ. ९६) । मुलुकमा ठुला ठुला परिवर्तन भए पनि आर्थिक विकास हुन सकेको छैन । देशविकास हुन पात्र, पद्धति र प्रवृत्ति ठिक हुनुपर्छ । "नराम्रोलाई फ्याकेर राम्रोको अनुशरण गर्नुपर्ने, खराबलाई मलजल गर्ने प्रवृत्ति मौलाएको, विदेशीले जे भन्यो त्यही गर्ने भएर पद्धति समेत कुरुप बनाए नेताहरूले । शक्तिमा हुनेले जे गरे पनि हुन्छ भन्ने रहेको छ । यसबाट नागरिक बिलखबन्दमा परेका छन्" (पृ. १९९) ।

नेताका भनाइ र गराइ फरक फरक छन् । उनीहरूको सिद्धान्त एकातिर छ व्यावहार अर्कातिर । "क्रान्तिकारी भनिएका नेताहरू पनि केही विशेष काम गनु पऱ्यो भने पहिला साइत देखाउन ज्योतिष पण्डितकहाँ पुग्दछन् । उनीहरू मन्त्री, प्रधानमन्त्री हुँदा पण्डित ल्याएर स्वस्ति शान्ति गराउँछन्" (पृ. २०१) । हात्तीको देखाउँने दाँत र चपाउने दाँत अलग अलग भए जस्तै नेपाली राजनीति पनि त्यस्तै छ । "जुनसुकै राजनीतिक व्यवस्था आए पनि, नेतृत्व फेरिए पनि, आर्थिक, प्रशासनिक र सामाजिक आदि क्षेत्रमा विकृति र विसंगति विभेद तथा उत्पीडन कायमै रहेकोप्रति पीडा, गुनासा र निराशाजनक अभिव्यक्ति उपन्यासमा छ" (गिरि, २०७८, पृ. १) । मुलुक समृद्ध बनाउने भनी जनतालाई आश देखाउने, स्वतन्त्रता र प्रजातन्त्रको प्रप्ति नै गरिबीको अन्त्य हो भन्ने देशको धर्म, संस्कृति, सभ्यताको जगेर्ना गराइदिने, भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अवलम्बन गरिने छ, माफियालाई जेलको कोठरीमा कोचिने छ भन्ने, विदेशी हस्तक्षेपको अन्त्य हुन्छ भन्ने तर उनीहरूको व्यावहार भने कहिल्यै त्यस्तो भएको देखिँदैन । नेता विदेशीको इशारामा नाच्ने, विदेशी हस्तक्षेप बढेको बढ्यै, भ्रष्टाचार मौलाएको मौलायै छ । भ्रष्टाचारीलाई राजनीतिक संरक्षण गर्ने प्रवृत्ति बढ्दै गएको छ । जसबाट युवा पुस्तामा प्रजातन्त्रप्रति वितृष्णा जागेको छ ।

देशमा राजनीतिक विकृति बढ्दै गएर कल्पना, विमल, धनीराम आदि राजनीति छाडी अन्यत्र लागेको देखाइएको छ । "मुलुक चलाउने जिम्मा पाएका नेताहरूले गलत व्यवहारको सिकार भएर तमाम निष्ठावान् व्यक्तिहरू नियति भोग्दै छन्" (पृ. २११) । जीवनभर इमान्दार भएर, पार्टीको पहरेदार भएर पार्टीको काममा लागेकाहरूले अवसर नपाउने तथा नवप्रवेशी, पैसावाल, राजनीतिक फट्याई गर्न जानेकाहरूलाई अवसरै अवसर दिइने प्रवृत्ति राजनीतिमा हाबी हुँदै गएकोप्रति उपन्यासमा चिन्ता र चासो प्रकट गरिएको छ र सो प्रवृत्तिमा सुधार हुनुपर्ने अपेक्षा गरिएको छ ।

*प्रतिघात* उपन्यासमा विभिन्न सामाजिक प्रवृत्तिको प्रस्तुति रहेको छ । रणबहादुर मन्त्री भएपछि उसलाई भेट्न, बधाई दिन तथा गन्जमानको छोरो चन्द्रमानलाई राजनीतिक पीडितका रूपमा व्यवस्थापन गर्ने र गाउँको विकासको योजना लिएर विमल उसकोमा गएको छ । उसले भनेको छ, "प्रजातन्त्रमा पुरानो इबि सम्झिएर हुँदैन दाइ, प्रजातन्त्र सबैका लागि आएको हो" (पृ. ७३) । "अपराधीले कुकर्मप्रति जीवनको अन्त्यतिर दुःख पाएको, पीडितभन्दा पीडकको पहिला नै मृत्यु भएको देखाइएको छ" (गिरि, २०७८, पृ. ३) । त्यसैगरी धनीमानीहरूले गरिबलाई पासो थापेर कसरी फसाउँने गर्दछन् भन्ने षडयन्त्र प्रस्तुत उपन्यासमा प्रस्तुत गरिएको छ । पासो शीर्षकको खण्डमा हिरा जस्ती सपनालाई बिग्रिएको फलाम जस्तो दानबहादुरले फसाउने उपाय गरेको छ । दानबहादुर जस्तो पाखण्डी, जँड्याहा, कुलङ्गारसँग विवाहका लागि सपनालाई माग्न आएको हुन्छ । यो उसको सिधासादालाई फसाउने प्रयत्न थियो । समाजमा यस्ता प्रवृत्ति छन् । त्यस्ता प्रवृत्तिको पर्दाफास गरी अन्त्य गरिनुपर्ने लेखकीय उद्देश्य रहेको छ ।

हाम्रो समाजमा नारी उत्पीडनको सिकार बन्नुपरेको छ । प्रस्तुत उपन्यासमा पनि नारीलाई सौन्दर्य र भाग्या वस्तु मात्र ठान्ने प्रवृत्ति प्रस्ततु गरी समाजबाट त्यस्तो विचार हटाउनुपर्ने सन्देश दिइएको छ । नारी दुर्दशाको चित्रण गर्दै उपन्यासमा भनिएको छ, "देश बनाउने काममा समर्पित हुँदा नारीले यस्तै दुर्दशा भोग्नुपर्ने रहेछ" (पृ. १६९) । सपना र कल्पना जस्ता पात्रको जीवनको सन्दर्भमा यो भनाइ आएको हो । गोमाले पतिबाट भोगेको सास्ती, ऊ बहुपत्नी प्रथाको सिकार भएकी, आमाको जीवनको बचावटका लागि छोरी कल्पनाले कर्णसिंहसँग विवाह गरिदिनुपरेको सन्दर्भ उपन्यासमा आएको छ । उपन्यासमा आमाको महिमा प्रस्तुत गर्दै भनिएको छ, "आमा खुसी हुँदा परिवार नै खुसीले गद्‌गद् हुन्छन् । आमाको

Vol. 6, No. 2, July 2025. Pages: 138-149
ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)
DOI: 10.3126/ijmss.v6i2.88514

आर्शीवादबाट परिवारमा विकास र समृद्धिको मार्ग कोरिन्छ" (पृ. २४२) । उपन्यासमा प्रेमसम्बन्धमा भनिएको छ, "मन कसैको प्रेममा समर्पित भइसकेपछि शरीरको आवश्यकता र कामना तुच्छ भइदिँदो रहेछ" (पृ. १६९) ।

उपन्यासमा मानवतावादी विचार प्रस्तुत गरिएको छ । शिशिरसँग मित्रता बढेको चर्चा गरी कुनै घटनामा कुनै परिस्थितिमा शत्रुता बढे पनि जिन्दगीभर शत्रु ठान्नु हुँदैन भन्ने सन्देश दिन खोजिएको छ । "बहुजनहिताय" (पृ. २४९), "बसुदैव कुटुम्बकम्" (पृ. २५५), "अनुदारवाद जहिले उदाय पनि त्यसको आयु क्षणिक हुन्छ" (पृ. २७५) भन्ने विचारमा मानवतावाद प्रस्तुत भएको छ । मानवतावाद सम्बन्धमा उपन्यासमा भनिएको छ, "सत्य वचन बोल्नु, त्याग र निष्ठामा रहनु नै जीवन हो भन्थे पण्डित दिनानाथ । अघाएकोलाई मिष्ठान्न खुवाउनु भन्दा भोकाएकालाई पेटभरि खान दिनु धर्म हो । नदेखिने विभिन्न प्रतीकहरू पुजेको भन्दा देखिने गरिवदुःखीको सेवा गरेको देखेर ईश्वर खुसी हुन्छने भन्ने मान्यता थियो पण्डित दिनानाथको" (पृ. २०५) । उपन्यासका अधिकांश पात्र समाजसेवामा आफूलाई अर्पण गरेका छन् । कल्पना परोपकारमा लागेकी छ । ईश्वरादेवी जस्ता अरूको दुःख देख्न नसक्ने, दसैं मान्न राखेको पैसा परोपकारमा लगाउने, आफ्ना गहना बेची अस्पताललाई सहयोग गर्ने परोपकारी व्यक्ति उपन्यासमा प्रयुक्त छन् । रत्नलाल जस्ता असल सल्लाह दिने व्यक्ति पनि उपन्यासमा छन् । "मानिसमा राम्रो नराम्रो गुण उसको हृदयमा हुन्छ । जसले नराम्रो बाहिर निकाल्छ, त्यो गुणी भए पनि फटाहा हुन्छ । जसले नराम्रोलाई जितेर राम्रो उजागर गर्छ त्यो गुणी र परोपकारी हुन्छ" (पृ. २४२) । रणबहादुर पनि जीवनको उत्तरार्द्धमा धर्मकर्मतिर लागेको छ । मानिसलाई अर्को मानिसको सुखदुःखको साथी बन्न आग्रह गरिएको छ ।

उपन्यासले जातिपाती र छुवाछुत प्रथाको अन्त्य चाहेको छ । विमल र धनवीर रुमपार्टनर हुन् । लेखकले ब्राह्मणको छोरो विमल धनवीर परियारसँग सँगै बस्ने सँगै खाने गरेको घटना प्रस्तुत गरी 'हिमाल, पहाड, तराई कोही छैन पराइ' भन्ने राष्ट्रिय एकताको भाव तथा जातीय विभेदको अन्त्य गराउन चाहेका छन् । विमलले धनवीरले पकाएको खानाको तारिफ गरेको छ । यहाँ मित्रताको कुरा मात्र नभएर विमलभित्रको पुरुष र महिला गरी दुई जातिको भाव व्यक्त गरिएको छ ।

उपन्यासले अन्तर्जातीय विवाहलाई प्रश्रय दिएको छ । उमेशले भन्दछ, "मेरो छोरा राजेश विद्युत् प्राधिकरणमा प्रथम श्रेणीको अधिकृत छ । उसले यहींकी नेवारकी छोरी बिहे गरेको छ । बुहारी आफ्नै बोर्डिङ चलाउँछिन् । सानेपामा घर छ । त्यही बसेका छौं" (पृ. १५०) । रमेशले गाउँकै साहु माइला नेवारकी नातिनी रत्नासँग विवाह गरेको छ । त्यसैगरी हरिलाल चौधरी र सपनाको पनि अन्तर्जातीय विवाह भएको उपन्यासमा देखाइएको छ ।

उपन्यासमा बालविवाह र चेलिबेटी बेचबिखनको सन्दर्भ प्रस्तुत गरिएको छ । उपन्यासमा सङ्गीता दश वर्षकी हुँदा तिस वर्षको प्रौढसँग विवाह भएको घटना आएको छ । विवाह लगतै उसैको ससुराले भारतको बम्बैमा लगी उसलाई बेचेको घटना प्रस्तुत गरी अनमेल, असमान र बाल विवाहका दुर्नियतिको परिणतिका सम्बन्धमा सजग गराउन आम चेलीहरू दलालको पञ्जामा कसरी पर्दछन् भन्ने देखाएर त्यस्ता प्रवृत्तितर्फ सजग रहन आह्वान गरिएको छ ।

उपन्यास धार्मिक र सांस्कृतिक भावको प्रस्तुतिमा पनि सजक छ । उपन्यासमा गङ्गा मन्दिर गएको, पूजाआजा गरेको सन्दर्भ उल्लेख गरिएको छ । धर्म र संस्कृति सम्बन्धी उपन्यासमा निम्न विचार प्रस्तुत भएका छन् । "उज्यालोलाई ईश्वर मान्ने हाम्रा सनातनी परम्परा हो, जुन हाम्रो पुस्तासम्म कायमै छ । हाम्रा छोराछोरीले के गर्छन् थाहा छैन" (पृ. १५१) । "ईश्वर मान्ने नमान्ने आस्थाको कुरा हो" (पृ. २०१) । "धर्म भनेको आस्था हो, अनुशासन हो, जसको सोझो सम्बन्ध नैतिकतासँग जोडिएको छ । धर्मले नै नैतिक जग खडा गर्छ । धर्म र ईश्वको उदाहरणले मानिसमा खराब र असल बिच फरक छुट्याएर सोहीअनुकूल व्यवहार गर्न सजिलो हुन्छ" (पृ. २०२) । "ईश्वरले पनि नाना खेल देखाउँछन्, नाना खेल गराउँछन्, सबै हेर्नेपर्ने, सबै भोग्नैपर्ने । हामी त केवल ईश्वरले खटाएको भूमिका गर्ने मात्र नौ हौं । निर्देशक त उनै ईश्वर हुन्" (पृ. २६८) । सबै ईश्वरको लेखान्त हो (पृ. ३०३) । उज्यालोलाई ईश्वर मान्ने हाम्रो सनातनी परम्परा हो, जुन हाम्रो पुस्तासम्म कायमै छ । हाम्रा छोराछोरी के गर्छन् थाहा छैन (पृ. १५१) । प्रस्तुत उपन्यासमा व्यक्त विचरहरूमा धार्मिक आस्था व्यक्त भएको पाइन्छ । धर्म आस्था भएकाले मूर्तिपूजन भन्दा माधव सेवामा जोड दिन उपन्यासकारको आग्रह रहेको बुझिन्छ । संसारमा सबैभन्दा ठुलो धर्म भनेकै मानव धर्म हो भनिएको छ ।

उपन्यासमा देशभक्तिको भाव प्रस्तुत गरिएको छ । विमल र गौरीशङ्कर बिचको संवादमा यस्तो भाव व्यक्त भएको छ । गौरीशङ्कर भन्दछ, "हाम्रो देश त हजारौं वर्षदेखि स्थापित छ । पूर्वीय दर्शनको उत्पत्ति र यसको प्रारूप यही भूमिबाट संसारमा फैलिएको भन्ने ऐतिहासिक तथ्यले देखाउँछ । महाभारतको युद्धमा नेपालका किराती राजा यलम्बरले हाम्रो देशको

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No. 2, July 2025. Pages: 138-149**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i2.88514**

प्रतिनिधित्व गर्दै हस्तीनापुरमा लडाइँ लडेको प्रसङ्ग ऐतिहासिक दस्तावेजमा पाइन्छ" (पृ. ३०७) । यसको प्रतिउत्तरमा विमल भन्दछ, "प्राचीन ग्रन्थहरू पढ्दा नेपाली भएर जन्मिन पाएकोमा गौरव अनुभूति हुन्छ मलाई" (पृ. ३०७) । उपन्यासमा नेपालको महिमागान प्रस्तुत गरी प्रचीनताप्रतिको मोह व्यक्त गरिएको छ । प्रकृतिजन्य औषधिमुलोका बारेमा विमलले भन्दछ, "हामीलाई हाम्रो देशको हावापानी र माटोले प्रकृतिजन्य औषधिमुलो यथेष्ट प्रदान गरेको छ । हाम्रा वनजङ्गलमा उत्पादित जडिबुटीलाई चिनेर त्यसको संरक्षण र संवर्धन गर्न सके देश प्राकृतिक चिकित्सा पद्धतिमा निकै अगाडि पुग्न सक्छ" (पृ. २३९) । प्रस्तुत उपन्यासको प्रमुख उद्देश्य नै देशभक्ति रहेको कुरा उपन्यासमा प्रस्तुत निम्न विचारबाट स्पष्ट हुन्छ, "देशको आकाशमा मडारिएको कालो बादल पन्छाउने उपायको खोजी थियो । बादल लागेपछि त्यसले आकाश ढाक्छ, केही समय पृथ्वीसमेत अन्धकार हुन्छ तर त्यसको स्थायित्व रहँदैन । विस्तारै बादल फाटेपछि त्यसभित्रको जून घामले फेरि संसार उज्यालो पार्छ" (पृ. २८२) । मातृभूमिप्रेम र देशप्रेमको भाव व्यक्त । "यहाँको माटोको टीका लगाएर मैले जीवनको लक्ष्य निर्धारण गर्नुपर्छ भन्ने धारण आज पनि उस्तै छ" (पृ. २५२) ।

## रूपविन्यास

*प्रतिघात* उपन्यासमा संस्कृत भाषाबाट आएका तत्सम शब्द र अन्य भाषाबाट आएका आगन्तुक दुवै खाले शब्दको प्रयोग गरिएको छ । अनिष्ट, दीप्ति, सामीप्यता, क्षुब्ध, सुवर्णमय, प्रतीत, कान्तिमय, अपनत्व, उद्वेलित, आततावी, तीक्ष्ण आदि तत्सम शब्दहरू उपन्यासमा प्रयुक्त छन् । त्यसैगरी मर्निङवाक, डेवाक, ग्याङ, ग्यारेज, सर्ट, डिस्चार्ज, नो सरी नो थ्याङ्क्स, आवा, ट्रङकल, ल्यान्डलाइन, टेलिफोन, मोबाइल, इन्टरनेट, फोन, इन्जेक्सन, कियर अदि आगन्तुक शब्द उपन्यासमा प्रयोग भएका छन् । प्रस्तुत उपन्यासमा विभिन्न उखान, टुक्का र सूक्तिहरू पनि प्रयुक्त छन् । यिनले उपन्यासलाई श्रुतिमधुर बनाउन सहयोग पुग्नाका साथै भाषिक मिठास पनि थपेका छन् ।

उपन्यासमा नेपाली शब्द प्रयोग गर्न सकिने कतिपय ठाउँमा पनि आगन्तुक शब्दको प्रयोग पाइन्छ, जस्तै : ब्याचरल ( पृ. ७४) को ठाउँमा स्नातक, मास्टर (पृ. ७४) को ठाउँमा शिक्षक शब्द प्रयोग गर्न सकिने सम्भावना छँदै थियो । उपन्यासमा प्रकृतिलाई मानवीकरण गरिएको छ । प्रकृतिलाई मानिसजस्तै बनाएर प्रस्तुत गर्नुलाई मानवीकरण भनिन्छ । "डाँडामा ठोकिएर भए पनि बादलले सिरसिर हावा चलाएको थियो । मौसम आनन्दमय थियो । पश्चिमतिरबाट कालो बादलले छोप्न लागेको थियो । पानी पर्ला जस्तो देखिन्थ्यो तर हावाले पानीलाई क्षणभरमै उडाइरहेको थियो" (पृ. १६२) । "बोटविरुवाहरू मारुनी नाच नाच्न थालेको प्रतीत हुन्थ्यो" (पृ. १७५) । प्रतीकात्मक अभिव्यक्ति प्रस्तुत भएको प्रस्तुत सन्दर्भ रोचक र पठनीय रहेको छ ।

## निष्कर्ष

*प्रतिघात* उपन्यासमा पूर्वी पहाडी गाउँका मानिसहरूको प्रवृत्ति प्रस्तुत गर्दै आदर्श राजनीति प्रस्तुत गर्नु मूल उद्देश्य रहेको देखिन्छ । खराब प्रवृत्तिका राजनीतिकर्मी पनि जीवनको उत्तरार्द्धमा बाँस नुहेझैँ आदर्शतिरै फर्किएका छन् । विचार प्रधान प्रस्तुत उपन्यासमा विमलराजको जीवनी भएर कथावस्तु अगाडि बढेको छ । विमलको जीवनको सफलता र असफलता, उसले हिंडेका डुलेका स्थानहरू परिवेशका रूपमा आएका छन् भने उसको जीवनका सहयोग गर्ने व्यक्ति, उसलाई असहयोग गर्ने व्यक्ति उपन्यासका सहभागीका रूपमा आएका छन् । विमलकै राजनीतिक विचार, समाज रूपान्तरणको विचार, हिमाल पहाड र तराईको एकत्वको भाव, अन्तर्जातीय विवाह, जातिगत विभेदको अन्त्य उपन्यासले प्रस्तुत गरेको छ । उपन्यास करिब आधाआधी भएपछि विमल सिम्पानी गाउँ गएपछिको घटनाले गति लिएको छ । उपन्यासमा धेरै पात्र प्रयोग गरिए पनि कुनै पनि पात्र र उनीहरूको चरित्र दोहोरिएको पाइदैन । यस उपन्यासमा नारी पात्र भने कमजोर छन् । कतिपय पात्र घरधन्दामै सीमित छन् भने कल्पना र सपना जस्ता पात्र सामाजिक रूपान्तरणमा उत्कृष्ट भूमिका निर्वाह गरे पनि लुकेर बस्नुपर्ने तथा रोगको सिकार भएको देखाइएको छ । पूर्वी पहाडी सिम्पानीको गाउँ र तराई; जनकपुर र विराटनगर आसपासको क्षेत्र; काठमाडौँ वरिपरिको परिवेश उपन्यासका आएका छन् ।

*प्रतिघात* उपन्यास बृहत् आकारको छ । मूल पात्र विमल वरिपरि कथानक घुमेको छ । विमलको जीवनका उकालीओरालीका सन्दर्भमा जोडिएका व्यक्तिहरू पात्रका रूपमा प्रयुक्त छन् । विमलले बाल्यकाल बिताएको जनकपुर, उसको पुर्ख्यौली थलो

Vol. 6, No. 2, July 2025. Pages: 138-149
ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)
DOI: 10.3126/ijmss.v6i2.88514

सिम्पानी, काठमाडौँ उपत्यकाका विभिन्न ठाउँहरू उपन्यासमा घटना घटेका ठाउँहरू हुन् । कथावस्तु वृतकारीय शैलीमा नागबेली हुँदै अगाडि बढेको छ । कति बेलाको कुन घटना हो भन्ने छुट्याउन गहन पठन, बौद्धिक पाठकको आवश्यकता देखिन्छ । पैतिस-छत्तिस सालको आसपासबाट सुरू भएको कथानक सत्तरी-चौहत्तर सालको वरिपरिको कथावस्तुमा केन्द्रित रहेको छ । बिचका घटना धेरै आएका छैनन् । घटनाहरू स्मरणका रूपमा कहिले पछाडि, कहिले अगाडि हुँदै अगाडि बढेका छन् । खण्ड खण्डमा सीमित पात्रको सङ्क्षिप्त परिचय र उनीहरूको सङ्क्षिप्त चरित्राङ्कन गरिएको छ । सपना जस्ता जुधारु नारीको कथा जिवन्त बनेर उपन्यासमा आउन सकेको छैन । पात्र सङ्ख्या धेरै भएकाले पात्रको विस्तृत चरित्राङ्कनमा भन्दा घटना विशेषमा उपस्थित पात्रको छोटो समयका लागि उपस्थित गराई सानो भूमिका निर्वाह गराइएको छ । त्यसपछि उनीहरू त्यही लोप भएका छन् । राजनीतिक परिदृश्यमा केन्द्रित प्रस्तुत उपन्यासमा आदर्श राजनीतिक विचार प्रस्तुत गरिएको छ । समग्रमा नेपाली राजनीतिमा बढ्दै गएको खराब प्रवृत्ति र संस्कार प्रस्तुत गरी त्यसको सुधारको अपेक्षा राखेको तथा राजनीतिक इमन्दारिताको प्रदर्शन गर्ने पात्रको विजय तथा खराब प्रवृत्तिका पात्रको पतन तथा परिवर्तन भएको देखाइएको प्रस्तुत उपन्यास औपन्यासिक उपकरणहरूको समुचित प्रयोग गरिएको, समाजलाई सही बाटोतिर डोहोऱ्याउने, सत् मार्गातिर लाग्न प्रेरित गर्ने, असल सन्देश दिने उत्कृष्ट उपन्यासका रूपमा आफूलाई उभ्याएको छ ।

## सन्दर्भ सूची

उपाध्याय, केशवप्रसाद (२०३४), *साहित्य प्रकाश,* (दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

गिरि, शान्तिमाया (२०७८), "प्रतिघातमा अभिव्यञ्जित यथार्थ", *अन्नपूर्ण* (०२ असोज २०७८, ०९:०८:०० फुर्सद), https://annapurnapost.com/news/186696।

थापा, हिमांशु (२०५०), *साहित्य परिचय,* चौथो संस्करण, ललितपुर : साझा प्रकाशन ।

पोखरेल, नारद (२०७८), *प्रतिघात,* काठमाडौँ : नेपाल स्रष्टा समाज ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५८), *नेपाली उपन्यास र उपन्यासकार,* तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०), *नेपाली उपन्यास परम्परा र पृष्ठभूमि,* दार्जिलिङ : दीपा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०५९), *शैलीविज्ञान*. दोस्रो संस्करण. काठमाडौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०६८), पात्रविधान वा चरित्रचित्रण : पुर्नविमर्श, *समकालीन साहित्य,* (अङ्क ३, पूर्णाङ्क ६५, साउन-कार्तिक), पृ. ३१- ३९ ।

सुवेदी, राजेन्द्र (२०५३), *नेपाली उपन्यास परम्परा र प्रवृत्ति,* वाराणसी : भूमिका प्रकाशन ।